"जलश्रोत, पर्यटन र जडिबुटीले सम्मुनत विगु गाउँपालिका"

# विगु गाउँपालिका

## Bigu Rural Municipality

## गाउँ कार्यपालिकाको कार्यालय

## Office of the Rural Municipal Executive

लादुक, दोलखा
Laduk, Dolakha
बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

पत्र संख्या/Ref. No:- २०७७/०७८
चलानि नं./Dispatch No: ८०

मिति/Date:- २०७७।०४।०४

विषय : बेरोजगार व्यक्तिहरुको निवेदन संकलन सम्बन्धमा ।

श्री वडा कार्यालयहरु सबै,
विगु गाउँपालिका ।

प्रस्तुत विषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को च.नं. १७५ को मिति २०७७/०३/३० गतेको पत्रानुसार रोजगारीको हक सम्बन्धि ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धि नियमावली, २०७५ को नियम ७, प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १८ तथा नेपाल सरकार (मन्त्रीपरिषद्) को तत्कालिन राहत सम्बन्धि मिति २०७७/०१/१४ को निर्णय समेतको आधारमा रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान हुने १०० दिनको न्यूनतम रोजगारीमा संलग्न हुन चाहने बेरोजगार नेपाली नागरिकहरुले स्थानीय तहको रोजगार सेवा केन्द्रमा सूचिकरण हुने समय सीमाको सम्बन्धमा नेपाल सरकार (मा.मन्त्रीपरिषदको) मिति २०७७/३/३० मा भएको निर्णय बमोजिम **आ.ब. २०७७/७८ को लागि न्यूनतम रोजगारीमा संलग्न हुन चाहने बेरोजगार व्यक्तिहरुले मिति २०७७ साल श्रावण ८ गते देखि २०७७ साल भाद्र ७ गते सम्म बेरोजगार व्यक्तिहरुको निवेदन संकलन गरी उक्त समय सीमा भित्र विगु गाउँपालिको रोजगार सेवा कन्द्रमा बुझाउनु हुन अनुरोध छ ।** साथै मन्त्रालयबाट प्राप्त पत्रको सक्कल प्रतिलिपी यसै पत्रसाथ सलग्न गरिएको व्यहोरा अनुरोध छ । निवेदकको परिवार संख्या र परिवारका १८-५९ बर्ष उमेर समुह सदस्यको नेपाली नागरिकताको प्रतिलिपी स्पष्ट बुझिने गरी प्रतिलिपी संकलन नगर्दा EMIS प्रणालीमा बेरोजागार व्यक्तिलाई प्रविष्ट गर्न नसकिने भएकोले तपशिल बमोजिमका विवरण स्पष्ट हुनेगरी निवेदन संलग्न गर्न गराउन हुन अनुरोध छ ।

तपशिल

१) प्रधानमन्त्री रोजगार संचालन निर्देशिका , २०७५ को नियम नं.२१ उपनियम (३) ले गरेको व्यवस्थाका आधारमा बेरोजगार व्यक्तिलाई काममा खटाउनुपर्ने भएकोले नियमानुसार निवेदन संकलन गर्ने ।
२) परिवारका १८-५९ बर्ष उमेर समुह सदस्यको नेपाली नागरिकताको प्रतिलिपी लिंदा जारी मिति र जन्म मिति स्पष्ट बुझिने गरी संकलन गर्ने ।
३) पारीवारीक विवरण स्पष्ट भरी १८-५९ बर्ष उमेर समुहका परिवारका सदस्य र बाँकी पारिवारीक सदस्य संख्या जोड गर्दा संख्यामा फरक नपर्ने गरी कुल पारीवारीक संख्या भर्ने ।
४) परिवारको कुनै एक सदस्य सरकारी वा गैरसरकारी संघ संस्थामा रोजगारमा संलग्न भएको पाइएमा त्यस प्रकार
को परिवारका कुनै पनि सदस्यलाई बेराजगार फाराम नभराउने तथा भर्न नलगाउने ।

२०७७।४।४
..........................
प्रसन्नदीप राई
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:**

श्री सूचना प्रविधि शाखा: *वेभसाइटमा अप्लोड गर्नु हुन ।*

फोन नं: ०४९-४१०१०९ ईमेल: info@bigumun.gov.np, bigumun@gmail.com वेभ साइट: www.bigumun.gov.np